# माईखोला हाइड्रोपावर लि.

केन्द्रिय कार्यालय, काठमाण्डौ

फोन नं. ०१-५७०५६०८

# तेस्रो बार्षिक साधारण सभा सम्वन्धि सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति **२०८०/०५/२५** मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम **माई खोला हाईड्रोपावर लिमिटेड** को साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

**स्थान** : लर्ड पार्टी भेन्यु, धुम्बाराही, काठमाण्डौं ।

**मिति** : २०८०/०६/१८ गते विहिबार (तद्नुसार अक्टोबर ५, २०२३)

**समय** : विहान १०:०० बजे ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने ।

**(ख)विशेष प्रस्तावहरु :**

(१) संचालक समितिले प्रस्ताव गरी कम्पनीको साधारण सभामा पेश गर्न विद्युत नियमन आयोगबाट प्रस्ताव स्विकृत भए बमोजिम कम्पनीको हाल कायम चुक्ता शेयरपुंजी रु.३९,२१,५६,८००/-(अक्षेरुपी उनन्चालीस करोड एक्काईस लाख छपन्न हजार आठ सय रुपैया) को १:१ को अनुपातमा हकप्रद शेयर निश्काशन गर्ने ।

(२) कम्पनीको ठेगाना परिवर्तन गर्ने,

(३) कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने । कम्पनीको ठेगाना तथा कम्पनीको पुंजी वृदि लगायत अन्य आवश्यक दफा संसोधन गर्नु पर्ने हुँदा तीन महले बमोजिम कम्पनीको प्रवन्ध पत्र, नियमावलीमा संशोधन गर्ने ।

(३) प्रस्तावित संसोधन तथा धितोपत्र दर्ता तथा निश्कासन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन प्राप्त भएमा सोलाई सम्बोधनका लागि आवश्यक संसोधन समायोजन गर्न सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

(४) अन्य कम्पनीमा लगानी गर्ने सम्बन्धमा ।

(५) संचालकहरुको निर्वाचन गर्ने । (संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व हुने ४ जना तथा सर्वसाधारणबाट प्रतिनिधित्व हुने २ जना र स्वतन्त्र संचालक १ जना)

**(ग) विविध**

**संचालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारीः**

१. साधारण सभालाई ध्यानमा राखी मिति २०८०/०६/०४ गते विहिबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिकाबन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको बार्षिक साधारण सभामा भाग लिन सक्नेछन् ।

२. बार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

३. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९:३० बजे देखि खुल्ला रहनेछ ।

४. बार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सवै प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

६. प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

८. संचालक निर्वाचन सम्बन्धि कार्यक्रम कम्पनीको सूचना पाटीमा टाँस गरिनेछ ।